# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका वस्तुको निकासी पैठारीमा देहाय बमोजिम पूर्ण वा परिमाणात्मक बन्देज लगाउने र देहायका वस्तुको निकासी पैठारी गर्दा देहाय बमोजिमका शर्त पालना गर्नुपर्ने गरी यो आदेश जारी गरेको छ ।

१. निकासीका लागि पूर्ण बन्देज लगाएका वस्तु :-

(क) पुरातात्त्विक, ऐतिहासिक तथा धार्मिक महत्त्वका वस्तु :-

(१) विदेशी तथा स्वदेशी सिक्का,

(२) देवी–देवताको मूर्ति, ताडपत्र तथा भोजपत्र,

(३) पौबा ।

(ख) लागूपदार्थहरू :-

गाँजा, अफिम, चरेस जस्ता UN ConventionAgainst Traffic in Narcotic Drugs and Psychotropic Substance, 1988,Single Convention on Narcotics Drugs, 1961 र लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा परिभाषा गरिए बमोजिमका लागू पदार्थहरू ।

(ग) विष्फोटक तथा खरखजानाका वस्तु :-

(१) विष्फोटक पदार्थ र त्यसलाई चाहिने फ्यूज वा फ्यूजको लागि चाहिने वस्तु,

(२) जङ्गी खरखजाना तयारीको लागि चाहिने पदार्थहरू ।





(घ) औद्योगिक मेशिनरी, पार्टपूर्जा तथा कच्चा पदार्थ :-

(१) काँचोछाला (ड्राइ साल्टेड समेत)

तर वेट ब्लू छाला निकासीको सम्बन्धमा निकासीकर्ताले छाला निकासी परिमाणको न्यूनतम तीस प्रतिशत क्रस्ट वा पूर्ण प्रशोधित छाला वा छालाको वस्तु सोही आर्थिक वर्षमा निकासी गर्नुपर्नेछ । सो प्रयोजनको लागि प्रथम तहको छालाको मोटाइको आधारमा तयार हुने अन्य तहलाई समेत एक तह मानी निकासी गर्न सकिनेछ ।

(२) कच्चा ऊन तथा जङ्गली जीव जन्तुको रौं ।

(ङ) जैविक विविधता र वातावरण संरक्षणसँग सम्बन्धित देहायका वन पैदावार लगायतका वस्तु :-

(१) विदेश निकासीको लागि प्रतिबन्ध लगाइएका जडीबुटीहरू:-

(क) पाँच औंले (Dactylorhiza hatagirea),

(ख) ओखरको रुखको बोक्रा (Juglans regia) (राष्ट्रिय वनको मात्र) ।

(२) वनस्पति विभागले कुट्की (Neopicrorhiza scrophulariifolia) र झ्याउ (Lichen) हो भनी यकीन गरी सिफारिस गरेको आधारमा वन तथा भू-संरक्षण विभागले उक्त जडिबुटीको मौज्दात (Inventory) को आधारमा निकासी गर्न स्वीकृति दिएको अवस्थामा बाहेक कुट्की र

झ्याउ विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

(३) वनस्पति विभाग वा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिसमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन तथा भू-संरक्षण विभागको स्वीकृति लिएर नेपाल भित्रै प्रशोधन गरी सारतत्त्व निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक विदेश निकासी गर्न प्रतिबन्ध लगाइएका जडीबुटीहरू :-

(क) जटामसी (Nardostachys grandiflora),

(ख) तालीस पत्र (Abies spectabilis),

(ग) लौठ सल्ला (Taxus wallichiana, Taxus mairei, Taxus contorta) I

(४) देहायका गोलिया तथा चिरान काठ:-

(क) साल (Shorea robusta),

(ख) सति साल (Dalbergia latifollia),

(ग) विजयसाल (Pterocarpus marsupium),

(घ) ओखर (Juglans regia) (राष्ट्रिय वनको मात्र),

(ङ) जङ्गली सिसौ (राष्ट्रिय वनको मात्र),

तर साल बाहेकआफ्नो निजी जगगामा उत्पादन गरिएका गोलिया तथा चिरान काठ (प्रचलित वन ऐन, नियममा प्रतिबन्ध भएका बाहेक)





सम्बन्धित वन कार्यालयको सिफारिसमा निकासी गर्न पाइनेछ ।

(५) प्रशोधन नगरिएको शिलाजित (Rock exudate /asphaltum)लाई विदेश निकासी गर्न प्रतिवन्ध लगाइएको छ ।

(६) यार्सागुम्वा (Cordyceps sinensis) वन तथा भू-संरक्षण विभागवाट निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

(७) सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरीष्ट्रिय व्यापार महासन्धिको अनुसूचीमा सूचिकृत प्रजातिहरूको हकमा सो महासन्धि तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरीष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को प्रावधान अनुसार हुनेछ ।

(८) अनुसूची-१ मा उल्लेख भए बमोजिमका संरक्षित वन्यजन्तु, संरक्षित वन्यजन्तुका आखेटोपहार तथा सङ्कटापन्न वन्यजन्तुहरूको निकासीको हकमासङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरीष्ट्रिय व्यापार महासन्धि तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरीष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को प्रावधान अनुसार हुनेछ ।

(९) खयरबाट उत्पादन हुने कत्था/कचलाई बिस्कुट आकार बनाई मात्र निर्यात गर्न पाउने ।

(च) आपूर्ति तथा वितरणमा उचित व्यवस्था गर्न आवश्यक भएका देहायका पेट्रोलियम पदार्थहरू:-

(१) पेट्रोल,

(२) डिजेल,

(३) मट्टितेल,

(४) एल.पि. ग्यास,

(५) हवाइ इन्धन (अन्तर्राष्ट्रिय उडानमा संलग्न हुने वायुयानले प्रयोग गर्ने इन्धन बाहेक) ।

(छ) चट्टानमाटो, ढुङ्गा, गिट्टी, बालुवा ।

२. निकासीमा परिमाणात्मक बन्देज लागेका वस्तु :-

(१) धान,

(२) चामल,

तर हिमाली तथा उच्च पहाडी क्षेत्रमा उत्पादन हुने स्थानीय मौलिक प्रजातिका चामल सम्बन्धित निकायको सिफारिसमा निकासी गर्न परिमाणात्मक बन्देज लाग्ने छैन ।

(३) गहुँ,

(४) चिनी ।

तर चिनीको निकासी परिमाण देशको आन्तरिक उत्पादन र आपूर्ति स्थितिलाई मध्यनजर राखी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३. निकासी सम्बन्धी विशेष व्यवस्था :-

(क) स्वीकृत बैंकिङ्ग प्रणाली अन्तर्गत भुक्तानी हुनेगरी अमेरिकी डलर दशहजार मूल्यसम्मको वस्तु र विना भुक्तानी अमेरिकी डलर एकहजार मूल्यसम्मको वस्तु





हुलाक पुलिन्दा वा इजाजत प्राप्त कुरियरबाट निकासी गर्न सकिनेछ । सोभन्दा बढी मूल्यको निकासीको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट इजाजत लिनु पर्नेछ ।

(ख) कुनै उद्योगले पैठारी गरेको मिल मेशिनरी सो उद्योगको प्रयोगमा नआउने भई अन्य मुलुकमा बिक्री गर्न चाहेमा वा उद्योग नै बन्द गरेमा दुईपक्षीय सन्धिमा प्रतिकूल असर नपर्ने गरी उद्योग विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।

(ग) कुनै उद्योगले पैठारी गरेको कच्चा पदार्थ आफ्नो उत्पादनमा प्रयोग नहुने भई विदेशमा बिक्री गर्न चाहेमा दुई पक्षीय सन्धिमा प्रतिकूल असर नपर्ने गरी उद्योग विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।

(घ) कुनै उद्योगले पैठारी गरेको मिल, मेशिनरी, कच्चा पदार्थ र पार्टपूर्जाहरू सो उद्योगमा प्रयोग नहुने भएको वा गुणस्तर नमिलेको कारणले सोही प्रकारको अर्को वस्तु पैठारी गर्ने गरी वा भुक्तानी भएको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा निकासीकर्तालाई नै फिर्ता पठाउनु परेमा उद्योग विभागको सिफारिसमा निकासी गर्न सकिनेछ ।

(ङ) क्षेत्रगत आधारमा कुनै अन्तरराष्ट्रिय रूपमा प्रतिष्ठित वस्तु उत्पादक कम्पनीले निर्दिष्ट गरेको क्षेत्रको लागि वितरकको रूपमा तोकिएको नेपाली एजेन्सीले उक्त उत्पादक कम्पनीको वस्तुखुला इजाजत पत्रका आधारमा सो मुलुकमा निर्यात गर्न पाउनेछ ।

(च) कुनै मालवस्तु निकासी गर्न कुनै निकायको सिफारिस आवश्यक पर्ने भनी प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

४. पैठारीका लागि पूर्ण बन्देज लागेका वस्तु :-

(क) गाँजा, चरेस, अफिम, मर्फिन जस्ता स्वास्थ्यको निमित्त हानिकारक लागू पदार्थहरू,

(ख) गोमांस,

(ग) वन तथा वातावरण मन्त्रालयले तोके बमोजिमका हानिकारक एजोडाइ रंगहरू,

(घ) प्लाष्टिकका झुत्राहरू र तीस माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिकका झोला तथा सीट (Sheet)

तर औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने तीस माइक्रोनभन्दा कम मोटाइको प्लास्टिक फिल्म/सीट (Sheet) पैठारी गर्न बाधा पर्ने छैन ।

(ङ) फिलामेन्टबाट प्रकाश दिने परम्परागत Incandescent light bulbs,

(च) स्ट्र कलेक्टर वा वेलर विनाको कम्बाइन्ड हार्भेष्टर,

(छ) Scrap Plastic र Recycled granules,

(ज) प्रचलित कानूनले छुट दिए बाहेकका प्रयोग भैसकेका (Secondhand) वस्तु,

तर बाढी, पहिरो, आगजनी जस्ता मानवजन्य तथा प्राकृतिक प्रकोपको सन्दर्भमा सहयोग स्वरूप प्राप्त हुने पुराना मालवस्तु वन तथा वातावरण मन्त्रालयको सिफारिसमा पैठारी गर्न सकिनेछ ।

(झ) हाइडोक्लोरोफ्लोरोकार्बन ग्यास (HCFC-22 Gas) मा आधारित कुनै पनि उपकरणहरू जस्तै रेफ्रिजेरेटर,





एयरकन्डिसनर, चिलर, डिप फ्रिज, कुलिङ मेसिन, कम्प्रेशर, हिट पम्प, चिलर प्लान्ट, कोल्ड स्टोरेज लगायत सो ग्यास (HCFC-22 Gas) प्रयोग हुने उपकरण,

(ञ) क्लोरोफ्लोरोकार्बन ग्यास (R11 र R12 Gas),

(ट) सवारी साधनमा प्रयोग हुने Brake Shoe र Clutch plate को Asbestos Lining बाहेक Asbestos Corrugated/Non-Corrugated Sheet, Tiles, Insulators आदि सबै Asbestos र Asbestos युक्त वस्तु,

(ठ) लिड (Lead) को मात्रा ९० Part Per Million (PPM) वा ९० Milligram Per Liter (mg/L)भन्दा बढी भएका तथा बट्टामा लिडको मात्रा र व्यवसायजन्य सुरक्षा सम्बन्धी साबधानमूलक सन्देश नभएका रङ्गहरू,

(ड) पेन्टाक्लोरोफेनोल, यसका यौगिक, लवण, मिश्रणहरू (Pentachlorophenol and its Compounds, Salts and Mixtures),

(ढ) क्याफिनयुक्त शक्तिबर्द्धक पेय पदार्थ (Energy drinks), Flavored Synthetic drinksर यस्तै प्रकारका पेय पदार्थ,

(ण) अन्य प्रचलित कानून बमोजिम बन्देज गरिएका वस्तु ।

५. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको इजाजत वा स्वीकृति पत्रको आधारमा मात्र पैठारी गर्न सकिने वस्तु :-

(क) अनुसूची–२ मा उल्लेख भए बमोजिमका लागू औषध तथा मनोद्विपक पदार्थ र सोको सहायक रसायन (गृह मन्त्रालयको सिफारिसमा),

(ख) हातहतियार र विष्फोटक पदार्थहरू (गृह मन्त्रालयको सिफारिसमा),अनुसूची–३ मा उल्लेख भए बमोजिम

विष्फोटक पदार्थहरू बनाउन चाहिने आवश्यक मालबस्तु, बन्दूक र बन्दूकका गोलीहरू, कागज बाहेकका केपहरू (Capes) र अन्य विष्फोटक पदार्थहरू तथा हातहतियारहरू,

(ग) देहायका रेडियोयन्त्र बाहेक वायरलेस, वाकिटकी, प्रसारण रिसिभर, लिङ्क रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शब्दवाहक, संवादवाहक, दृश्यवाहक, तथ्याङ्कवाहक, रेडियो यन्त्रहरू (सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा),

(१) GSM मोबाइल फोन सेट,

(२) WLL टेलिफोन सेट,

(३) नेपाल दूरसञ्चार प्राधिकरणबाट GMPCS को लाइसेन्स प्राप्त सेवा सञ्चालनको स्याटलाइट नेटवर्कमा आवद्ध हुने स्याटलाइट टेलिफोन सेट,

(४) एफ.एम. रेडियो ट्रान्समिटर,

(५) स्याटलाइट टेलिफोन,

(६) मोबाइल टेलिकम उपकरण ।

(घ) हाइडोक्लोरोफ्लोरोकार्बन ग्यास (HCFC-22 Gas) को सम्बन्धमा वार्षिक कोटाभित्र रही आयात गर्न सकिने (वन तथा वातावरण मन्त्रालयको सिफारिसमा),

(ङ) अनुसूची-४ मा उल्लेख भएका मालवस्तु नेपाल गुणस्तर तथा नापतौल विभागबाट नेपाल गुणस्तर चिन्ह इजाजत लिई आयात गर्न सकिने,





तर नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रहरू नेपाल गुणस्तर तथा नापतौल विभागको सिफारिसमा आयात गर्न सकिनेछ ।

(च) सबै जात र गुणस्तरका सूर्तिहरू,

(छ) फर्नेस आयल,

(ज) पोस्तादाना (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्धारण गरेको परिमाणमा)।

६. पैठारी सम्बन्धी विशेष व्यवस्था :-

(क) देहायका वस्तुविना प्रतितपत्र वा भुक्तानी वेगर पैठारी गर्न पाइनेछ :-

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक निकाय वा प्रतिष्ठानले वस्तु पैठारी गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको सिफारिसमा पैठारी गरिने वस्तुर नेपालमा सञ्चालित आयोजनाको लागि वस्तु पैठारी गर्दा नेपाल सरकारको सम्वन्धित मन्त्रालयको सिफारिसमा आयोजनाको नाममा पैठारी गरिने सम्झौतामा उल्लिखित Bill of Quantity बमोजिमका वस्तु,

(२) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा गैर सरकारी वा निजी संस्थाले पैठारी गर्ने वस्तु तथा सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपालमा सञ्चालित आयोजनाको नाममा पैठारी गरिने

सम्झौतामा उल्लिखित Bill of Quantity बमोजिमका वस्तु,

(३) कुनै व्यक्ति वा संस्थाले नेपालमा रहेका अशक्त विरामीलाई औषधोपचारको निम्ति पठाएका प्रेस्क्रिप्सन बमोजिमका औषधि,

(४) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा प्रचार–प्रसारको लागि पठाएका पोष्टर, क्यालेण्डर जस्ता प्रिण्टेड सामग्री,

(५) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा कुनै व्यक्तिले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाको निमन्त्रणा, सभा, सम्मेलन बैठक आदिमा भाग लिई उपहार वा पुरस्कार स्वरूप प्राप्त गरेको अमेरिकी डलर एकहजार पाँचसय मूल्यसम्मको वस्तु,

(६) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा कुनै मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्घ, संस्था, सामाजिक संस्था वा व्यक्तिले सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपालका नाफा आर्जन गर्ने उद्देश्य नभएका सामाजिक तथा सेवामूलक सङ्घ, संस्थालाई प्रदान गर्ने उपहार, चन्दा, अनुदानका मालवस्तु,

(७) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा संयुक्त/विदेशी





लगानीमा सञ्चालित उद्योगले सम्झौता बमोजिम पूँजी लगानी वापत पैठारी गरेका मेशिनरी लगायतका मालवस्तु र कच्चा पदार्थ (उद्योग विभागको सिफारिसमा),

(८) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा नेपालमा सञ्चालन भएका आयोजना तथा संयुक्त/विदेशी लगानीमा सम्झौता अन्तर्गत कार्यरत विदेशी व्यक्ति वा विदेशी लगानीकर्ताले निजी प्रयोजनका लागि पैठारी गरेको मालवस्तु (सम्बन्धित मन्त्रालयको सिफारिसमा),

(९) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा अमेरिकी डलर एकहजार पाँचसय मूल्यसम्मका कुनै कम्पनी वा फर्मको चिन्ह अङ्कित विज्ञापन, लेवल, स्टीकर र नमूना सामग्री,

(१०) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा विदेशी कम्पनी, संयुक्त लगानीका कम्पनी वा विदेशी एयरलाइन्सका प्रधान कार्यालयले नेपालस्थित प्रतिनिधि कार्यालय, शाखा कार्यालय वा जनरल सेल्स एजेण्ट (जि.एस.ए.) जस्ता रजिष्टर्ड फर्महरूलाई कार्यालय सञ्चालनका लागि पठाएका अमेरिकी डलर सातहजार मूल्यसम्मका कार्यालय मालवस्तु,

(११) कुनै मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्घ/संस्थाले आफ्नो प्रयोगका लागि पैठारी गरेका नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिएका मालवस्तु ।

(ख) उपभोग्य वस्तुको पैठारी गर्दा उक्त वस्तुको उपभोग अवधि भन्सार विन्दुमा आइपुग्दा कम्तीमा पनि पचहत्तर प्रतिशत बाँकी भएको हुनु पर्नेछ ।

तर जीवनरक्षक औषधि (Lifesaving Medicines) को पैठारीको हकमा औषधि व्यवस्था विभागको सिफारिस बमोजिम हुनेछ ।

(ग) ताजा तरकारी तथा फलफूल पैठारी गर्दा सम्बन्धित भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष परीक्षण अनिवार्य रूपमा गरेर मात्र गर्नु पर्नेछ ।

(घ) वातावरणमा प्रतिकूल प्रभाव पार्ने पदार्थको पैठारी सम्बन्धमा कुनै आदेश जारी गरिएको भए सोही अनुसार हुनेछ ।

७. स्वीकृत बैङ्किङ्ग प्रणाली अन्तर्गत भुक्तानी हुने गरी अमेरिकी डलर एकहजार मूल्यसम्मको वस्तु र विना भुक्तानी अमेरिकी डलर पाँचसय मूल्यसम्मको मालवस्तु हुलाक पुलिन्दा वा अन्य माध्यमबाट पैठारी गर्न सकिनेछ । साथैनेपाल राष्ट्र बैङ्कबाट स्वीकृत बैकिङ्ग प्रणालीबाहेक कसैले अमेरिकी डलर दुई हजारसम्मको वस्तु पैठारी गरेमा नेपाल राष्ट्र बैङ्कले सोको स्रोत अध्ययन गरी सिफारिस गरेको आधारमा शत प्रतिशत





पैठारी दस्तुर लिई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले पैठारीको स्वीकृति दिन सक्नेछ ।

८. यस सूचनामा अन्यथा उल्लेख भएकोमा बाहेक नेपाल सरकारको स्वीकृत बेगर इजाजतपत्र नलिई अथवा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको माध्यम, प्रकृया तथा कागजात वेगर कुनै पनि वस्तु सोझै निकासी पैठारी गर्न पाइने छैन ।

९. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा पर्वतारोहण दल वा अध्ययन वा अनुसन्धान दलले पैठारी गर्ने मालवस्तु सम्बन्धित मन्त्रालयको सिफारिसमा मात्र पैठारी गर्न पाइनेछ ।

१०. नेपालको बाटो गरी पुनः अर्को मुलुकमा निकासी गर्ने र नेपालको बाटो भई पुनः आफ्नो देशमा फिर्ता लैजाने वस्तुको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्वीकृतिमा ट्रान्जिट सुविधा उपलब्ध गराइनेछ र यस्तो सुविधा सम्बन्धित मन्त्रालयको सिफारिसमा पर्वतारोहण दलको लागि मात्र दिइनेछ ।

११. यस सूचनामा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै वस्तुलाई निकासी पैठारीका लागि पूर्ण वा आंशिक रूपमा बन्देज, नियन्त्रण वा नियमन गर्न आवश्यक भएमा सम्बन्धित निकायले लेखी पठाएको आधारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सूचना प्रकाशित गरी त्यस्तो बन्देज, नियन्त्रण वा नियमनको आदेश जारी गर्नसक्नेछ ।

१२. नेपाल राष्ट्र बैङ्कबाट निकासी पैठारी सम्बन्धमा प्रचलित कानून तथा यस सूचनासँग नबाझिने गरी जारी भएको विदेशी विनिमयसँग सम्बन्धित आदेश तथा मौद्रिक नीति अनुसार जारी भएको सूचनाको हकमा सोही बमोजिम हुनेछ ।

१३. यस सूचनामा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आपूर्ति व्यवस्था र सार्वजनिक हितलाई दृष्टिगत गरी कुनै वस्तु कुनै सार्वजनिक संस्था वा निकाय वा प्रचलित कानून बमोजिम दर्ता भएको कम्पनी वा संस्थाबाट पैठारी गर्ने गरी नेपाल सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१४. यस सूचनामा उल्लेख भएका विषय बाहेक निकासी तथा पैठारीका सम्बन्धमा कुनै द्विविधा परेमा औचित्य हेरी नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।





अनुसूची–१

(प्रकरण १ को खण्ड (ङ) को उपखण्ड (८) सँग सम्बन्धित)

**संरक्षित वन्यजन्तु, संरक्षित वन्यजन्तुका आखेटोपहार तथा सङ्कटापन्न वन्यजन्तु**

(१) संरक्षित वन्यजन्तु

(क) स्तनधारी जन्तु (म्यामल्स)

| | |
|---|---|
| १. आसामी रातो बाँदर | —(मकाका आसमेन्सीस) |
| २. सालक | —(म्यानिस क्रसिकडाटा र म्यानिस पेन्टाडक्टाइला) |
| ३. हिसपिड खरायो | —(क्याप्रोलागस हिसपिडस) |
| ४. सोंस | —(प्लाटानिस्टा ग्यन्जेटिका) |
| ५. ब्वाँसो | — (क्यानिस लुपस) |
| ६. हिमाली रातो भालु | —(असर्स अक्टस) |
| ७. हाब्रे (रेड पाण्डा) | — (आइलुरस फल्जेन्स) |
| ८. लिङ्सा‌ङ | —(प्राओनोडन पार्डिकलर) |
| ९. हुँडार | — (हाइना हाइना) |
| १०. चरी बाघ (लेपर्ड क्याट) | — (फेलिल बेंगालेन्सिस) |
| ११. लिंक्स | — (फेलिस लिंक्स) |
| १२. ध्वाँसेचितुवा | —(निओफेलिस नेबुलोसा) |
| १३. बाघ | — (पान्थेरा टाइग्रिस) |
| १४. हिउँ चितुवा | — (पान्थेरा अन्सिय) |
| १५. जङ्गली हात्ती | — (इलेफस माक्सिमस) |
| १६. गैंडा | —(रायनोसिरस युनिकर्निस) |
| १७. सानो जातको बँदेल | — (सस सल्मानस) |
| १८. कस्तुरी मृग | — (मस्चस मस्चिफेरस) |
| १९. बाह्रसिङ्गा | —(सरभस डुभाउसेलि) |
| २०. गोरबाइसन | —(वस गोंरस) |
| २१. याक नाक | —(वस ग्रन्नियन्स) |

२२. अर्ना — (बुबालस बुवालिस)
२३. नायन — (ओभिस आम्मन)
२४. चिरु —(पान्थोलप्स हडसोनी)
२५. कृष्णसार — (एन्टिलोप सर्भिकार्पा)
२६. चौका —(टेट्राकर्निक क्वाड्रिकर्निस)

(ख) पक्षी (एभ्स)

१. कालो स्टर्क —(सीकोनिया नाइग्रा)
२. सेतो स्टर्क —(सिकोनिया सिकोनिया)
३. सारस — (ग्रस ग्रस)
४. चीर —(क्याट्रिएस वालिचाई)
५. डाँफे —(लोफोफोरस इम्पिजासन)
६. मोनाल — (ट्रागोपान साटाइरा)
७. खर मुजूर —(युपोडोटिस बेङ्गालेन्सिस)
८. सानो खर मुजूर —(साइफिओटाइडस इन्डिका)
९. ठूलो धनेश — (बुसेरस बाइकर्निस)

(ग) घस्रने जातका जन्तु (रेपटायल्स)

१. अजिङ्गर — (पाईथन स्पिसिज)
२. घडियाल गोही —(ग्याभियालिस ग्यान्जेटिकस)
३. सुन गोहोरा —(भारानस फ्लाभेसेन्स)

(२) संरक्षित वन्यजन्तुका आखेटोपहार

स्पष्टीकरण : यस सूचनाको प्रयोजनको लागि "आखेटोपहार" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा परिभाषा गरिए बमोजिम वन्यजन्तुहरूको जीवित वा मृत शरीर वा चिन्हिन सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अङ्गलाई सम्झनु पर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको समिश्रणबाट तयार भएको कुनै वस्तु समेतलाई जनाउँदछ।





(३) सङ्कटापन्न वन्यजन्तुहरू

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora –CITES) को अनुसूची– १ मा उल्लिखित देहायका वन्यजन्तुहरू :-

(क)स्तनधारी प्राणी

| क.सं. | नेपाली नाम | वैज्ञानिक नाम | अङ्ग्रेजी नाम |
|---|---|---|---|
| १. | हाब्रे | Ailurus fulgens | Red panda |
| २. | गौरी गाई | Bos gaurus | Gaur |
| ३. | जङ्गली चौरी | Bos grunniens (mutus) | Wild Yak |
| ४. | ब्वाँसो | Canis lupus | Grey Wolf |
| ५. | हिस्पीड खरायो | Caprolagus hispidus | Hispid Hare |
| ६. | बाह सिङ्गे | Cervus duvaucelii | Swamp Deer |
| ७. | हात्ती | Elephas maximus | Asiatic wild Elephant |
| ८. | चरी बाघ | Felis (Prionailurus) bengalensis | Leopard cat |
| ९. | छिरबिरे बिरालो | Felis (pardofelis) marmorata | Marble cat |
| १०. | सुनौलो बिरालो | Felis (Catopuma) temmincki | Golden cat |
| ११. | ओँत | Lutra lutra | Otter |
| १२. | काठेभालु | Melursus Ursinus | Sloth Bear |
| १३. | कस्तुरी मृग | Moschus chrysogaster | Musk Deer |
| १४. | घोरल | Naemorhedus goral | Himalayan Goral |

| | | | |
|---|---|---|---|
| १५. | थार | Naemorhedus sumatraensis | Himalayan Serow |
| १६. | ध्वाँसे चितुवा | Neofelis nebulosa | Clouded Leopard |
| १७. | नयन | Ovis ammon hodgsonii | Great Tibetan Sheep |
| १८. | पाटेबाघ | Panthera tigris tigris | Royal Bengal Tiger |
| १९. | चितुवा | Panthera pardus | Comman Leopard |
| २०. | हिउँ चितुवा | Uncia uncia | Snow Leopard |
| २१. | चिरु | Pantholops hodgsoni | Tibetan Antelope |
| २२. | सोँस | Platanista gangetica | Gangetica Dolphin |
| २३. | लिङसाङ | Prionodon pardicolor | Spotted Lingsang |
| २४. | एक सिङ्गे गैडा | Rhinoceros unicornis | One horned Rhino |
| २५. | हिमाली कालो भालु | Selenarctos (Ursus) thibetanus | Himalayan Black Bear |
| २६. | पुड्के बँदेल | Sus Salvanius | Pygmy Hog |
| २७. | लङ्गुर बाँदर | Semenopithecus entellus | Hanuman Langur |
| २८. | खैरो भालु | Ursus arctos | Brown Bear |

(ख) पक्षीहरू

| क्र.सं. | नेपाली नाम | वैज्ञानिक नाम | अङ्ग्रेजी नाम |
|---|---|---|---|
| १. | धनेश | Aceros nipalensis | Rufous Necked Hornbill |
| २. | हरियो टाउके हाँस | Anas platyrhynchos | Laysan Teal (Mallard) |
| ३. | चील | Aquila heliaca | Imperial Eagle |
| ४. | बुस्टाई | Ardeotis nigriceps | Great Indian Bustard |





| | | | |
|---|---|---|---|
| | (गोडावण) | | |
| ५. | राज धनेश | Buceros bicornis | Great Pied Hornbill |
| ६. | चीर कालीज | Catreus Wallichii | Cheer Pheasant |
| ७. | सेतो गरुड | Ciconia ciconia | White Stork |
| ८. | खर मजुर | Epodotisbengalensis | BengalFlorican |
| ९. | बाज | Falco jugger | Lagger Falco |
| १०. | बाज | Falco pelegrinoides | Barbary Falco |
| ११. | शाही बाज | Falco peregrinus | Peregrine |
| १२. | कन्याङ कुरुङ | Grus nigricollis | Black Necked Crane |
| १३. | सेतो पुच्छर चील | Haliaeetusalbicilla | White tailedEagle |
| १४. | डाँफे | Lophophorusimpejanus | HimalayanMonal |
| १५. | रातो टाउके हाँस | Rhodonessacaryophyllacea | Pink headedDuck |
| १६. | हिउँ कुखुरा | Tetraogallustibetanus | TibetanSnowcock |

(ग) सरिसृप (घस्रने प्राणी)

| क्र.सं. | नेपाली नाम | वैज्ञानिक नाम | अङ्ग्रेजी नाम |
|---|---|---|---|
| १. | कटैया | Aspideretesgangeticus | Ganges SoftshellTurtle |
| २. | बडहर/कटैया | Aspidereteshurum | PeacockSoftshellTurtle |
| ३. | मगर गोही | Crocodyluspalustris | MuggerCrocodile |
| ४. | घडियाल गोही | Gavialisgangeticus | GharialCrocodile |
| ५. | ठोटरी | Kachugatecta | IndianRoofedTurtle |
| ६. | ठोटरी | Melanchelystricarinata | Tricarinate HillTurtle |

| | | | |
|---|---|---|---|
| ७. | अजीङ्गर | Pythonmolurus | Asiatic rock Python |
| ८. | सुन गोहोरो | Varanusflavescens | Golden Monitor Lizard |

नोट : सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धिको अनुसूची-१मा सूचीकृत वन्यजन्तुहरूको अनुसन्धान, शैक्षिक प्रदर्शन वा चिडियाखानामा राख्ने जस्ता गैर व्यावसायिक प्रयोजनको लागि निकासी वा पैठारी गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पत्र अनिवार्य हुनेछ ।

(४) सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धिको अन्य अनुसूचीमा समावेश भएका वन्यजन्तुहरूको निकासी वा पैठारी गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट नियमानुसार दिइएको अनुमतिको कागजात पेश गर्नु पर्नेछ ।





## अनुसूची-२

(प्रकरण ५ को खण्ड (क) सँग सम्बन्धित)

## लागू औषध तथा मनोद्विपक पदार्थ र सोको सहायक रसायन

### (क) लागू औषध तथा मनोद्विपक पदार्थ

तालिका -१

खण्ड (क)

| | |
|---|---|
| १ | एसिटोर्फिन |
| २ | एसिटाइल अल्फा मिथाइल फेन्टानिल |
| ३ | एसिटाइल मिथाडोल |
| ४ | अल्फेन्टानिल |
| ५ | एलाइलप्रोडिन |
| ६ | एफासिटाइल मिथाडोल |
| ७ | अल्फामेप्रोडिन |
| ८ | अल्फामिथाडोल |
| ९ | अल्फामिथाइल फेन्टानिल |
| १० | अल्फा मिथाइल थायोफेन्टानिल |
| ११ | अल्फाप्रोडिन |
| १२ | एनिलेरिडिन |
| १३ | बेन्जेथिडिन |
| १४ | बेन्जाइल मर्फिन |
| १५ | बेटासिटाइल मिथाडोल |
| १६ | बेटा हाइड्रोक्सीफेन्टानिल |
| १७ | बेटा हाइड्रोक्सी थ्री मिथाइल फेन्टानिल |
| १८ | बेटा मेप्रोडिन |
| १९ | बेटा मिथाडोल |
| २० | बेटाप्रोडिन |
| २१ | बेजिट्रामाइड |

| | |
|---|---|
| २२ | क्यानाविस एण्ड क्यानाविस रेजिन |
| २३ | क्लोनिटाजिन |
| २४ | कोकालिफ |
| २५ | कोकेन |
| २६ | कोडोक्सिम |
| २७ | कन्सन्टेट अफ पपी स्ट्र |
| २८ | डेसोमर्फिन |
| २९ | डेक्स्ट्रोमोरेमाइड |
| ३० | डाइ एम्प्रोमाइड |
| ३१ | डाइ इथाइल थायाम्बुटिन |
| ३२ | डाइफेनोक्सिन |
| ३३ | डाइहाइड्रो इटोर्फिन |
| ३४ | डाइहाइड्रो मर्फिन |
| ३५ | डाइमिनोक्साडोल |
| ३६ | डाइमिफेप्टानोल |
| ३७ | डाइ मिथाइल थायम्बुटिन |
| ३८ | डाइ अक्साफेटाइल ब्युटाइरेट |
| ३९ | डाइफेनोक्सीलेट |
| ४० | डाइपिपानोन |
| ४१ | ड्रोटेब्यानोल |
| ४२ | इक्गोनिन |
| ४३ | इथाइलमिथाइल थायम्ब्युटिन |
| ४४ | इटोनिटाजिन |
| ४५ | इटोर्फिन |
| ४६ | इटोक्सीरिडिन |
| ४७ | फेन्टानिल |
| ४८ | फ्यूरेथिडिन |
| ४९ | हिरोइन |





| | |
|---|---|
| ५० | हाइड्रोकोडोन |
| ५१ | हाइड्रोमर्फिनोल |
| ५२ | हाइड्रोमर्फोन |
| ५३ | हाइड्रोक्सीपिथिडिन |
| ५४ | आइसोमिथाडोन |
| ५५ | केटोबेमिडोन |
| ५६ | लेभोमिथोर्फान |
| ५७ | लेभोमोरेमाइड |
| ५८ | लेभोफेनासिल मर्फान |
| ५९ | लेभोर्फानोल |
| ६० | मेटाजोसिन |
| ६१ | मिथाडोन |
| ६२ | मिथाडोन इन्टरमिडियट |
| ६३ | मिथाइल डेसोर्फिन |
| ६४ | मिथाइल डाइहाइड्रो मर्फिन |
| ६५ | थ्री मिथाइल थायोफेन्टानिल |
| ६६ | थ्री मिथाइल थायोफेन्टानिल |
| ६७ | मेटोपोन |
| ६८ | मोरेमाइड इन्टरमिडियट |
| ६९ | मर्फेरिडिन |
| ७० | मर्फिन |
| ७१ | मर्फिन मिथोब्रोमाइड |
| ७२ | मर्फिन यन् अक्साइड |
| ७३ | यम् पि पि पि |
| ७४ | माइरोफिन |
| ७५ | निकोमर्फिन |
| ७६ | नोरासाइडमिथाडोल |
| ७७ | नर्लेभोर्फानोल |

| | |
|---|---|
| ७८ | नर्मिथाडोन |
| ७९ | नर्मर्फिन |
| ८० | नर्पिपानोन |
| ८१ | ओपियम |
| ८२ | अक्सीकोडोन |
| ८३ | अक्सीमर्फोन |
| ८४ | पारा लफयुरोफेन्टानिल |
| ८५ | पि इ पि ए पि |
| ८६ | पिथीडिन |
| ८७ | पिथीडिन इन्टरमिडियट ए |
| ८८ | पिथीडिन इन्टरमिडियट बि |
| ८९ | पिथीडिन इन्टरमिडियट सि |
| ९० | फेनाडोक्सोन |
| ९१ | फेनाम्प्रोमाइड |
| ९२ | फेनाजोसिन |
| ९३ | फेनोमर्फान |
| ९४ | फेनोपेरिडिन |
| ९५ | पिमिनोडिन |
| ९६ | पिरिट्रामाइड |
| ९७ | प्रोहेप्टाजिन |
| ९८ | प्रोपेरिडिन |
| ९९ | रेसिमिथोर्फान |
| १०० | रेसिमोरामाइड |
| १०१ | रेसिमर्फान |
| १०२ | रेमिफेन्टानिल |
| १०३ | सुफेन्टानिल |
| १०४ | थेबाकोन |
| १०५ | थेबेन |





| | |
|---|---|
| १०६ | थायोफेन्टानिल |
| १०७ | टिलिडिन |
| १०८ | ट्राइमेपेरिडिन |

खण्ड (ख)

| | |
|---|---|
| १ | एसिटाईल डाइहाइड्रोकोडिन |
| २ | कोडिन |
| ३ | डेक्स्ट्रोप्रोपोक्सिफेन |
| ४ | डाइहाइड्रोकोडिन |
| ५ | इथाइल मर्फिन |
| ६ | निकोकोडिन |
| ७ | निको डाइकोडिन |
| ८ | नर्कोडिन |
| ९ | फल्कोडिन |
| १० | प्रोपिराम |

खण्ड (ग)

| | |
|---|---|
| १ | कोडिन |
| २ | डाइहाइड्रोकोडिन |
| ३ | इथाइल मर्फिन |
| ४ | निकोडाइकोडिन |
| ५ | नर्कोडिन |
| ६ | फल्कोडिन |

खण्ड (घ)

| | |
|---|---|
| १ | एसिटोर्फिन |
| २ | एसिटाइल अल्फा मिथाइल फेन्टानिल |
| ३ | अल्फा मिथाइलथायोफेन्टानिल |

| | |
|---|---|
| ४ | बेटा हाइड्रोक्सी थ्री मिथाइल फेन्टानिल |
| ५ | बेटा हाइड्रोक्सीफेन्टानिल |
| ६ | क्यानाबिस एन्ड क्यानाबिस रेजिन |
| ७ | डेसो मर्फिन |
| ८ | इटोर्फिन |
| ९ | हिरोइन |
| १० | केटोबेमिडोन |
| ११ | थ्री मिथाइल फेन्टानिल |
| १२ | थ्री मिथाइल थायोफेन्टानिल |
| १३ | यम् पि पि पि |
| १४ | पारा फ्लुरोफेन्टानिल |
| १५ | पि इ पि ए पि |
| १६ | थायोफेन्टानिल |
| १७ | अल्फा मिथाइल फेन्टानिल |

तालिका-२

खण्ड (क)

| | |
|---|---|
| १ | ब्रोलाम्फीटामिन |
| २ | क्याथिनोन |
| ३ | इटिसाइक्लीडिन |
| ४ | इटिप्ट्रामिन |
| ५ | लाइसर्जाइड (यल् एस् डी) |
| ६ | साइलोसाइबिन |
| ७ | रोलीसाइक्लीडिन |
| ८ | टेनाम्फीटामिन |
| ९ | टेनोसाइक्लीडिन |





| | |
|---|---|
| १० | डि. इ. टी |
| ११ | डि यम् ए |
| १२ | डि यम् एच पि |
| १३ | डि यम् टि |
| १४ | डि ओ इ टी |
| १५ | यन् हाइड्रोक्सी यम् डि ए |
| १६ | यम् डि इ |
| १७ | यम् डि यम् ए |
| १८ | मेस्कालिन |
| १९ | मिथ् क्याथिनोन |
| २० | फोर मिथाइल एमिनोरेक्स |
| २१ | यम् यम् डि ए |
| २२ | फोर एम् टि ए |
| २३ | प्यारा हेक्साइल |
| २४ | पि यम् ए |
| २५ | साइलोसिन |
| २६ | यस् टि पी (डि ओ यम्) |
| २७ | टेट्राहाइड्रो क्यानाविनोल |
| २८ | टि यम् ए |

खण्ड (ख)

| | |
|---|---|
| १ | एम्फीटामिन |
| २ | डेक्स एम्फीटामिन |
| ३ | फेनिटाइलिन |
| ४ | मेक्लोक्वालोन |
| ५ | मेट् एम्फीटामिन |

| | |
|---|---|
| ६ | मेट् एम्फीटामिन रेसिमेट |
| ७ | मेथाक्वालोन |
| ८ | मिथाइल फेनिडेट |
| ९ | फेन्साइक्लीडिन |
| १० | फेन्मीट्राजिन |
| ११ | सेकोवार्बिटल |
| १२ | ड्रोनाबिनोल |
| १३ | जिपेप्रोल |
| १४ | एमिनेप्टीन |
| १५ | टु सि. वि |

खण्ड (ग)

| | |
|---|---|
| १ | एमोवार्बिटल |
| २ | ब्युप्रेनर्फिन |
| ३ | ब्युटलविटल |
| ४ | क्याथिन |
| ५ | साइक्लोवार्बिटल |
| ६ | ल्फुनाइट्राजेपाम |
| ७ | ग्लुटेथिमाइड |
| ८ | पेन्टाजोसिन |
| ९ | पेन्टोवार्बिटल |

खण्ड (घ)

| | |
|---|---|
| १ | एलोवार्बिटल |
| २ | अल्प्राजोलम |
| ३ | एम्फीप्रामोन |
| ४ | एमिनोरेक्स |





| | |
|---|---|
| ५ | वार्बिटल |
| ६ | बेन्जफिटामिन |
| ७ | ब्रोमाजेपाम |
| ८ | ब्रोटिजोलाम |
| ९ | क्यामाजेपाम |
| १० | क्लोर्डायाजेपोक्साइड |
| ११ | क्लोबाजाम |
| १२ | क्लोनाजेपाम |
| १३ | क्लोराजेपेट |
| १४ | क्लोटियाजेपाम |
| १५ | क्लोक्साजोलाम |
| १६ | डेलोराजेपाम |
| १७ | डाइजेपाम |
| १८ | इस्टाजोलाम |
| १९ | इथ्क्लोर्भिनोल |
| २० | इथिनामेट |
| २१ | इथाइल लोफ्लाजेपेट |
| २२ | इटिलाम्फेटामिन |
| २३ | फेन्काम्फामिन |
| २४ | फेन्प्रोपोरेक्स |
| २५ | ल्फुडायजेपाम |
| २६ | ल्फुराजेपाम |
| २७ | जि एच् वि (गामा हाइड्रोक्सीब्युटाइरिक एसिड) |
| २८ | हेलाजेपाम |
| २९ | हेलोक्साजोलाम |

| | |
|---|---|
| ३० | केटाजोलाम |
| ३१ | लेफिटामिन |
| ३२ | लोप्राजोलाम |
| ३३ | लोराजेपाम |
| ३४ | लोर्मेटाजेपाम |
| ३५ | मिडाजेपाम |
| ३६ | मेफेनोरेक्स |
| ३७ | मेप्रोवामेट |
| ३८ | मेसोकार्व |
| ३९ | मिथाइल फेनोवार्विटल |
| ४० | मिथीप्रीलोन |
| ४१ | मिडाजोलाम |
| ४२ | निमेटाजेपाम |
| ४३ | नाइट्राजेपाम |
| ४४ | नोर्डाजेपाम |
| ४५ | अक्साजेपाम |
| ४६ | अक्साजोलाम |
| ४७ | फेन्डेमिट्राजिन |
| ४८ | फेनोबार्विटल |
| ४९ | फेन्टर्मिन |
| ५० | पिनाजेपाम |
| ५१ | पिप्राड्रोल |
| ५२ | प्राजेपाम |
| ५३ | पाइरोभालेरोन |
| ५४ | सेक्ब्युटावार्विटल |





| | |
|---|---|
| ५५ | टेमाजेपाम |
| ५६ | ट्रायाजोलाम |
| ५७ | भिनाइलविटल |
| ५८ | जोल्पीडेम |
| ५९ | ब्युटोबार्विटल |

**(ख) लागू औषध तथा मनोद्विपक पदार्थ उत्पादन गर्न अत्यावश्यक सहायक रसायन**

तालिका-१

| क.सं | विवरण |
|---|---|
| १ | एसिटिक एनहाईड्राईड |
| २ | एन्-एसिटाईलएन्थ्रानिलिक एसिड |
| ३ | इफेडिन |
| ४ | ईर्गोमेट्रिन |
| ५ | ईर्गोटामाईन |
| ६ | आईसोसफोल |
| ७ | लाइसाजिक एसिड |
| ८ | ३,४-,- मिथलिनडाईअक्सिफिनाईल १-२ प्रोपेनन् |
| ९ | नरईफेडिन |
| १० | १-फिनाईन १-२ प्रपेनन् |
| ११ | पिपरोनल |
| १२ | पोटासियम परम्याग्नेट |
| १३ | स्यूडोईफेडिन |
| १४ | सफ्रोल |

तालिका २

| | |
|---|---|
| १ | एसिटोन |
| २ | एन्थ्रानिलिक एसिड |
| ३ | ईथाईल एसिड |
| ४ | हाईड्रक्लोराईड एसिड |
| ५ | मिथाईल ईथाईल किटोन (एलईके) |
| ६ | फिनाईल एसिटिक एसिड |
| ७ | पिपरिडन |
| ८ | सल्फ्यूरिक एसिड |
| ९ | टोलिन |





अनुसूची-३

(प्रकरण ५ को खण्ड (ख) सँग सम्बन्धित)

विष्फोटक पदार्थ र विष्फोटक पदार्थहरू बनाउन चाहिने आवश्यक मालवस्तु

A

1. Acremite (like ANFO)
2. Akaradite I (Diphenyl urea)
3. Akaradite II (Methydiphenyl urea)
4. Akaradite III(Ethyl dipheneyl urea)
5. Aluminium powder
6. Amatex (mixture of TNT ammonium nitrate and RDX)
7. Amato (mix. of ammonium nitrate & TNT in various composition mostly 80 & 20)
8. Ammonium Azide
9. Ammonium Nitrate
10. Ammonium Perchlorate
11. Ammonium Picrate
12. ANFO

B

13. Baranol
14. Baratol
15. Barium Chlorate
16. Barium Perchlorate
17. BEAF[1, 2-bis (2, 2-difluora-2-nitroacetoxyethane)]
18. Black powder
19. Blasting caps
20. BTNEN [bis (trinitroethyl) nitramine]
21. BTTN (1, 2, 4 butanetriol trinitrate)
22. Bulk salutes
23. Butanetriol Trinitrate
24. Butyl tetryl.

C

25. Carbamite (Centradte I)
26. Carbene
27. Centralit I (Diethyldiphenyl urea)
28. Centralit II (Diethyldiphenyl urea)
29. Composition A (mix. of Hexogen & wax in various composition)

30. Composition B (Hextol, Hexolite; composition of RDX & TNT)
31. Copper acetylide
32. Cordite (mix. of Nitroglycerine & NC for gun propellant)
33. Cyanuric Triazide
34. Cyclonite [RDX]
35. Cyclotetramethylenetetranitramine [HMX]
36. Cyclotol (mix. of RDX & TNT in compositions 50:50 & 70:30 → composition B)
37. Cyclotrimethylene Trinitrosamine

D

38. DBX (mix. of Hexogen, ammonium nitrate, TNT & Al. Powder in 21:21:40:18)
39. Detonating Cords
40. Detonators
41. Diaminephthalate
42. Diaminotrinitrobenzene (DATB)
43. Diazodinitrophenol (DDNP)
44. Dibutylphthalate
45. Diehyleneglycol Dinitrate (DEGDN)
46. Diglycerol Tetra Nitrate (Tetranitrodieglyceren)
47. Dinitrodiephenylamine
48. Dinitroethyleneura
49. Dinitroglycerine [glycerol dinitrate]
50. Dinitronaphthalene
51. Dinitroorthocresol
52. Dinitrophenol
53. Dinitrophenolates
54. Dinitrophenyl hydrazine
55. Dinitroresorcinol
56. Dinitropentano nitrile (DNPD)
57. Dinitrophenoxiethylnitrate
58. Dinitrophenylhydrazine
59. Dinitrsobenzene
60. Dinitrotoluene (DNT)
61. Dioxyethylnitramine Dinitrate (Dina)
62. Dipentaerythrol Hexanitrate
63. Diphenylamine
64. Diphenyleurathene
65. Dipicramide
66. Dipicrylamine
67. Dynamite





E

68. Ednatol
69. Erythrol Tetra nitrate
70. Ethanolamine Dinitrate
71. Ethriol Trinitrate
72. Ethylene Diamine Dinitrate (EDDN)
73. Ethylenedinitramine (EDNA)
74. Ethy4, 4-dinitropentanoate (EDNP)
75. Ethylene glycol dinitrate (EGDN)
76. Ethylphenolurethane
77. Ethylpierate (2, 4, 6 – Trinitrophenetol)
78. Ethylteryl (2, 4, 6-trinitrophenylethylnitramine)

F

79. Fulminate of mercury
80. Fulminate of silver
81. Fulminate of gold
82. Fulminate of mercury
83. Fulminate of platinum
84. Fulminating silver

G

85. Gelatins
86. Gelatinized nitrocellulose
87. Glycerol Acetate Dinitrate
88. Glycerol Dinitrate
89. Graphite
90. Guanidine Nitrate
91. Guanidine Per chlorate
92. Guanidine Picrate
93. Gun Cotton
94. Gun Powder

H

95. HBX (mixture of TNT, Hexogen & Al. Powder)
96. Hexamethylenetetramine Dinitrate
97. Hexamethylenetriperoxidediamine
98. Hexanite
99. Hexanitroazobenzene
100. 2, 4, 6, 2', 4', 6' – Hexanitrodiphenyl

101. 2, 4, 6, 2', 4', 6' – Hexanitrodiphenylamine
102. 2, 4, 6, 2', 4', 6' – Hexanitrodiphenyloxide
103. 2, 4, 6, 2', 4', 6' - Hexanitrodiphenylsulphide
104. Hexanitroethane
105. Hexanitrostilbene
106. Hexogen (Cyclo 1, 3, 5 – trimethylene 2, 4, 6–trinitramine; RDX)
107. Hexolites
108. Homocyclonite (HMX; name for Octogene)
109. Hydrazine Nitrate
110. Hydrazine Per chlorate
111. Hydrazoic acid

L

112. Lead Acetylsalicylate
113. Lead Azide
114. Lead Ethylhexoate
115. Lead Mannite
116. Lead Mononitroresorcinate
117. Lead Picrate
118. Lead Styphnate

M

119. Mannitol hex nitrate
120. Mercury Fulminate
121. Mercury Tartrate
122. Metadinitrobenzene
123. Methyl 4, 4-dinitropentanoate (MDNP)
124. Methyl Nitrate
125. Methylphenylurethane
126. Metriol Trinitrate
127. Minol – 2[40% TNT, 40% ammonium nitrate, 20% aluminum)
128. Monoethanolamine nitrate (MEAN)

N

129. Nitrocellulose
130. Nitrogen Trichloride
131. Nitroglycerine
132. Nitroglycide
133. Nitro glycol (ethylene glycol dinitrate)





134. Nitrogunadine (Picrite)
135. Nitrolsobutylglycerol Trinitrate)
136. Nitro methane
137. Nitro paraffin
138. Nitro starch
139. Nitro urea
140. Nonel

O

141. Octogen (HMX)
142. Octol (mix. of HMX & TNT in 77:23)

P

143. PBX (Plastic Bonded Explosive)
144. Pentaerythrol Trinitrate
145. PETN (pentaerythrol tetra nitrate)
146. Pentolite
147. Picramic Acid
148. Picramide
149. Picratol
150. Picric Acid
151. Picrite (nitro guanidine)
152. PLX (95% intro methane, 5% Ethylenediamine)
153. Polypropylene Glycol
154. Potassiym Dinitrobenzofurozane
155. Potassium Chlorate
156. Potassium Nitroaminotetrazole
157. Potassium per chlorate
158. Potassium Nitrate
159. Pyrotechnic compositions
160. PYX [2, 6—bis (picrylamino)]3, 5- Dinitropyridine

R

161. RDX (cyclonite, hexogen, T4)

S

162. Safety Fuses
163. Silver Acetylide
164. Silver Azide
165. Silver Fulminate

166. Silver Styphnate
167. Silver Tetrazene
168. Sulrried explosive mixtures
169. Smokeless powder
170. Sodatol
171. Sodium amatol
172. Sodium azide
173. Sodium Nitrate
174. Sodium picramate
175. Styphnic Acid
176. Sulfur

T

177. Tacot (Tetranitrodibenzo-1, 3a, 4, 6a-tetraza-pentalene)
178. Tetramethylammonium Nitrate
179. 2, 3, 4, 6-Tetranitroaniline (TNA)
180. Tetranitrocarbazole
181. Tetranitromethane
182. Tetraintrophthalene
183. Tetrazene (Tetracene, Tetrazine, 1(5-tetrazolyl)-4-guanyl tetrazene hydrate)
184. Tetryl
185. Tetrytol
186. Torpex
187. Triaminoguanidine Nitrate
188. Triaminotrinitrobenzene (TATB)
189. Tricycloacetone Peroxide
190. Triethyleneglycol Dinitrate
191. Trimethylamine Nitrate
192. Trimethylolethane Trinitrate (TMETN)
193. Trimonite
194. Trinitroaniline (Picramide)
195. Trinitroanisol (methylpicrate)
196. 1, 3, 5-Trinitrobenzene
197. Trinitrochlorobenzene (Picrylchloride)
198. Trinitrobenzoic Acid
199. 2, 4, 6- Trinitrocresol
200. Trinitro-meta-cresol
201. Trinitromethane
202. Trinitronapthalene
203. Trinitrophenetol
204. Trinitrophenoxethylnitrate





205. Trinitrophloroglucinol
206. Trinitroresorcinol
207. 2, 4, 6-trinitrotoluene (TNT)
208. Trinitroxylene
209. Tritonal

U

210. Urea Nitrate

<u>नोट</u> :-

(१) माथिको विवरणमा उल्लिखित Explosivesand Chemicals पूर्णरूपमा नभएर साधारण (Generalised) रूपमा प्रस्तुत गरिएको छ ।

(२) उल्लिखित Explosives and Chemicals अन्य Trade Name हरूबाट समेत हुन सक्नेछ ।

## अनुसूची-४

(प्रकरण ५ को खण्ड (ङ) सँग सम्बन्धित)

**नेपाल गुणस्तर तथा नापतौल विभागबाट नेपाल गुणस्तर चिन्ह इजाजत लिई आयात गर्न सकिने मालवस्तु**

१. ओ.पि.सि. (सिमेन्ट) ने.गुण.४९
२. पि.पि.सि. (सिमेन्ट) ने.गुण.३८४
३. पि.एस.सि. (सिमेन्ट) ने.गुण.३८५
४. एलपि.जि. (सिलिण्डर) ने.गुण.३६९
५. ड्राईसेल व्याट्री ने.गुण.२८०
६. फलामे छड ने.गुण. १९१
७. जि.वाई वायर ने.गुण. १६३
८. कम्पोजिट ग्याँस सिलिण्डर एण्ड ट्युव ने.गुण. NS.ISO.119-1, 2, 3
९. पि.भि.सि. केबल ने.गुण.३४४
१०. एल.पि.जि. रेगुलेटर ने.गुण. ५३०
११. भल्भ फिटिङ्स फर एल.पि.जि. रेगुलेटर ने.गुण. ३७४

देहायका सूचनाहरू खारेज गरिएका छन् :-

(क) मिति २०३५।०६।३० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना,

(ख) खण्ड ५९, सङ्ख्या २८, मिति २०६६।७।१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना १,





(ग) खण्ड ५९, सङ्ख्या ४४, मिति २०६६।११।१० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(घ) खण्ड ५९ सङ्ख्या ४५ मिति २०६६।११।१७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ङ) खण्ड ६०, अतिरिक्ताङ्क २ (ख+१),मिति २०६७।२।३ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(च) खण्ड ६०, सङ्ख्या ११, मिति २०६७।३।१४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(छ) खण्ड ६०, सङ्ख्या १२ मिति २०६७।३।२१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ज) खण्ड ६०, अतिरिक्ताङ्क १५ (ख), मिति २०६७।५।१७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(झ) खण्ड ६०, अतिरिक्ताङ्क १७ (ग), मिति २०६७।६।२४ को नेपाल राजपत्र भाग ५ मा

प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ञ) खण्ड ६०, सङ्ख्या ५१, मिति २०६७।१२।२८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ट) खण्ड ६१, सङ्ख्या २४, मिति २०६८।६।२३ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ठ) खण्ड ६२, सङ्ख्या १६, मिति २०६९।४।८ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ड) खण्ड ६५, सङ्ख्या १, मिति २०७२।१।७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ढ) खण्ड ६५, अतिरिक्ताङ्क ४, मिति २०७२।२।२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ।





## सूचना २

नेपाल सरकारले निकासी पैठारी नियमहरू, २०३४ को नियम ८ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी देहायका वस्तु पैठारी गर्दा लाग्ने पैठारी इजाजत दस्तुर र सोही नियमहरूको नियम ९ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी पैठारी इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा लाग्ने दस्तुर देहाय बमोजिम हुने गरी तोकेको र निकासी हुने वस्तुको हकमा देहाय बमोजिमको व्यवस्था गरेको छ :-

१. पैठारी इजाजतपत्र लिएर मात्र पैठारी गर्न पाइने वस्तुको हकमा पैठारी इजाजतपत्र जारी गर्दा कुनै पनि निकायको सिफारिस आवश्यक नपर्ने भएमा दश हजार रुपैयाँ इजाजत दस्तुर लाग्नेछ ।

तर,

(१) एक करोड रुपैयाँभन्दा बढी मूल्यको सूर्ती आयात गर्दा पन्ध्र हजार रुपैयाँ इजाजत दस्तुर लाग्नेछ । इजाजतपत्र लिन नपर्ने भएतापनि वस्तु पैठारी गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट सिफारिस वा स्वीकृति लिँदा समेत सोही बमोजिमको दस्तुर लाग्नेछ ।

(२) भन्सार विन्दु परिवर्तनका लागि सिफारिस वा स्वीकृति लिँदा दुई हजार पाँचसय रुपैयाँ दस्तुर लाग्नेछ ।

२. एक वा एकभन्दा बढी निकायको सिफारिस आवश्यक पर्ने वस्तुको लागि पैठारी इजाजतपत्र जारी गर्दा देहाय बमोजिम इजाजत दस्तुर लाग्नेछ :-

(क) लागू तथा मनोद्दिपक औषधि र सोको रसायन रु. १०,०००।-

(ख) हातहतियार र विष्फोटक पदार्थहरू रु.२५,०००।-

(ग) रेडियो तथा सञ्चार उपकरणहरू रु. २०,०००।-

(घ) विना भुक्तानी पैठारी गरिने वस्तु रु. १५,०००।-

(ङ) पर्वतारोहण दलको लागि दिइने ट्रान्जिट सुविधा - रु. १०,०००।-

(च) गैर पर्यटकीय भिसा सिफारिश रु. २०,०००।-

इजाजतपत्र लिन नपर्ने भए तापनि एक वा एकभन्दा बढी निकायको सिफारिसमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट सिफारिस वा स्वीकृति लिँदा समेत सोही बमोजिमको दस्तुर लाग्नेछ ।

३. प्रकरण १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि पैठारी भएको वस्तुबाट उत्पादित तयारी मालवस्तु निकासी हुनेको हकमा त्यस्तो तयारी वस्तुको किसिम, परिमाण र समयावधि समेत तोकी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यस्तो दस्तुरमा छूट दिन सक्नेछ ।

४. कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पैठारी गरी कुनै वस्तुको आंशिक वा पूर्ण भाग नेपालभित्र निर्माण, उत्पादन, प्रशोधन वा डिजाइन परिवर्तन गरी सम्बन्धित विदेशी व्यक्ति वा संस्थालाई पुनः निकासी गरिने सम्झौता (Buy Back Agreement) बमोजिम हुने कच्चापदार्थको आयातमा कुनै इजाजत दस्तुर लाग्ने छैन । त्यस्तो सम्झौता बमोजिम पैठारी



खण्ड ६९) संख्या ११ नेपाल राजपत्र भाग ५ मिति २०७६।३।२

गरी पुनः निकासी गरिने वस्तुसँग सम्बन्धित उद्योगलाई बण्डेड वेयर हाउसको सुविधा र उत्पादन वा प्रशोधन कार्यमा प्रयोग गरिने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ विना भुक्तानीमा आयात गर्ने सुविधा प्रदान गरिनेछ ।

५. प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि पाँचसय अमेरिकी डलरसम्मको पैठारीमा पैठारी इजाजतपत्र दस्तुर लाग्ने छैन ।

६. प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत प्रयोजनको लागि पैठारी हुने वस्तुको हकमा देहाय बमोजिम दस्तुर लाग्नेछ:-

(क) विदेशी नागरिकले पैठारी गरेको वा विदेशमा कार्यरत रहेको नेपाली नागरिकले निजले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको चालीस प्रतिशतसम्मको पैठारीमा पाँचसय अमेरिकी डलरभन्दा बढी मूल्यमा पाँचहजार रुपैयाँ पैठारी इजाजत दस्तुर लाग्नेछ ।

(ख) खण्ड (क) को प्रयोजनको लागि वर्षमा एक पटक मात्र पैठारी गर्न सकिने गरी व्यक्तिगत प्रयोजनको निमित्त देहाय बमोजिमका वस्तु तोकिएका छन् :-

(१) पाँचसय अमेरिकी डलरसम्मको मोटर वा मोटरसाइकलको पार्टस्,

(२) क्यामेरा (मुभी, डिजिटल तथा भिडियो क्यामेरा समेत) एक थान,

(३) प्रोजेक्टर एक थान,

(४) सिलाइ बुनाइ मेशिन एक थान,

(५) भिडियो डेक, डिभिडि प्लेयर, म्युजिक सिष्टम तथा अन्य मनोरन्जनात्मक श्रव्यदृष्य सामग्री र त्यसको एसेसोरिज एक, एक थान

(६) कम्प्युटर (प्रिन्टर, मनिटर, किवोर्ड तथा ल्यापटप समेत) एक एक थान,

(७) साइकल एक थान,

(८) वाइनाकुलर एक थान,

(९) म्युजिकल सामग्री एक थान,

(१०) फिसिङ रड एक थान,

(११) लाइफ ज्याकेट एक थान,

(१२) सेफ्टी क्याप एक थान,

(१३) रवर वोट एक थान,

(१४) फ्याक्स मेशिन, टेलिफोन, मोवाइल सेट एक एक थान,

(१५) अमेरिकी डलर पाँचसय सम्मका घरायसी प्रयोजनका सामग्री,

(१६) अमेरिकी डलर पाँचसय सम्मका पुस्तक तथा इलेक्ट्रोनिक पाठ्य सामग्री,

(१७) उपर्युक्त मालवस्तुका अतिरिक्त यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचनामा उल्लिखित वस्तु पैठारी गर्न पाइनेछ ।

तर यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचनामा उल्लिखित वस्तुको हकमा इजाजत पत्र आवश्यक पर्ने छैन ।





७. प्रकरण ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले व्यक्तिगत प्रयोजनको निमित्त सोही प्रकरणको खण्ड (क) बमोजिम विदेशमा कार्यरत नेपाली नागरिकले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको चालीस प्रतिशतभन्दा बढी मूल्यको वस्तु पैठारी गर्दा वा सोही प्रकरणको खण्ड (ख) मा उल्लेख भए भन्दा बढी वस्तु पैठारी गर्दा त्यसरी बढी पैठारी गर्न लागिएको वस्तुको मूल्यको पचास प्रतिशत इजाजत दस्तुर लाग्नेछ ।

८. व्यक्तिगत प्रयोजनका निमित्त वस्तु पैठारी गर्ने व्यक्तिले निज विदेशबाट फर्केको छ महिनाभित्र निवेदन दिई इजाजतपत्र लिइसक्नु पर्नेछ ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट निकासी/पैठारी सम्बन्धमा जारी भएका सूचनाहरूमा अन्यथा उल्लेख भएकोमा बाहेक इजाजतपत्र,प्रतितपत्र वा स्वीकृत बैङ्किङ्ग प्रणाली अनुसार परिवर्त्य विदेशी मुद्रा भुक्तानीको आधारमा पैठारी हुनु पर्नेमा इजाजतपत्र वा प्रतितपत्र वा परिवर्त्य विदेशी मुद्रा भुक्तानी विना पैठारी भएका वस्तुको लागि सो वस्तुको मूल्यको पचास प्रतिशत इजाजत दस्तुर लाग्नेछ ।

१०. पैठारी इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा रु १,०००।— (एक हजार) दस्तुर लाग्नेछ।

११. यस सूचनामा निकासी वा पैठारीका लागि बन्देज गरिएदेखि बाहेक अन्य कुनै पनि वस्तु भन्सार प्रक्रिया पूरा गरी निकासी वा पैठारी गर्न पाइनेछ । कुनै निकाय वा पदाधिकारीको निर्णय वा आदेशबाट यो सूचनाको प्रतिकूल हुने गरी कुनै

वस्तुको निकासी वा पैठारीमा पूर्ण वा आंशिक रूपमा बन्देज लगाउन पाइने छैन ।

देहायका सूचनाहरू खारेज गरिएका छन् :–

(क) खण्ड ५९, सङ्ख्या २८,मिति २०६६।७।१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना २।

(ख) खण्ड ६३, सङ्ख्या २७, मिति २०७०।६।२१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ।

आज्ञाले,
केदार बहादुर अधिकारी
नेपाल सरकारको सचिव